## प्रायोजन सम्झौता पत्र

गैरआवासीय नेपाली संघको खेलकुद हेर्ने निकाय गैरआवासीय नेपाली संघ, खेलकुद प्रतिष्ठानको खेलकुद विकास र प्रवर्द्धन अभियानमा सहयोग तथा सहकार्य गर्नका लागि खेल पोशाक र खेलकुद सामग्रीको उत्पादन कर्ता KELME को नेपाल वितरक Kamaru Trading Pvt. Ltd द्वीतिय पक्ष र गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठान प्रथम पक्ष वीच तपसीलमा उल्लेखित सेवा, सुविधा र शर्तको अधिनमा रही प्रतिष्ठानलाई आवश्यकता अनुसार खेल सामग्री र खेल पोशाकहरुको प्रायोजन र सहुलियत दरमा उपलब्ध गर्ने गराउने बारेमा गैरआवासीय नेपाली संघको सचिवालय, बालुवाटार काठमाडौंमा बसी आपसी सहमती र समझदारीमा यो सम्झौता पत्रमा सही छाप गरी लियौं दियौं ।

### सेवा तथा शर्तहरु

१. यो सम्झौताको मान्य अवधि सम्झौता पत्रमा हस्ताक्षर भएको मितिले तीन वर्षको हुने छ ।

२. खेलकुद प्रतिष्ठानलाई आवश्यक KELME द्वारा उत्पादित खेल पोशाक (ट्र्याक सुट) आवश्यक साईजमा प्रतिष्ठानले उपलब्ध गराएको ढांचा र डिजाईन बमोजिम बढीमा ३०० सेट कम्तिमा ३० प्रतिशत कम मुल्य सहुलियत दरमा उपलब्ध गराउने छ ।

३. गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानले ९औं राष्ट्रिय खेलुकुद प्रतियोगितामा सहभागीता जनाउंदा सहभागी हुने खेलाडीहरुका लागी खेल विधा हेरी आवश्यकता अनुसारको संख्यामा KELME अंकित खेलकुद किटहरु (व्याग, रुमाल, जुत्ता र टिसर्ट सहितको किट) KELME र त्यसको नेपाल वितरक Kamaru Trading Pvt. Ltd ले प्रायोजन गर्ने ।

४. गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानको फुटबल, भलिबल र क्रिकेट टिमका लागी खेलकुद किट सहित जर्सीहरु प्रतिष्ठानले तयार गरिदिएको डिजाईन र ढांचामा छपाई समेत गरी प्रायोजन स्वरुपमा Kamaru Trading Pvt. Ltd ले गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानलाई उपलब्ध गराउनु पर्ने ।

५. सम्झौता अवधि भरी Kamaru Trading Pvt. Ltd ले गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानको लागी प्रायोजन गर्ने भनि यस सम्झौतामा उल्लेख भएको बुंदा बाहेक थप खेल पोशाक र खेल सामग्रीहरु आवश्यक भएमा ३० प्रतिशत छुट सहित द्वितिय पक्ष संग मात्र खरिद गर्नु पर्ने ।

६. प्रथम पक्षले द्वितिय पक्षबाट खेल पोशाक वा खेल सामग्रीहरु प्रायोजन स्वरुप प्राप्त भएपछि सम्झौताको अवधि भर गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानले KELME ब्राण्ड र चिन्हलाई प्रचार प्रसार गरी KELME को बजार प्रबर्द्धनमा सहयोग गर्नु पर्ने ।

७. जुन कार्यक्रम र प्रयोजनका लागी KELME सामग्री प्रायोजन भएको हो । सो कार्यक्रम र प्रयोजनका लागी गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानले तयार गर्ने रेडियो जिङ्गल,

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

KAMARU
TRADING

टेलिभिजन प्रबर्द्धन, होर्डिङ्ग बोर्ड, प्रेस विज्ञप्ति, ब्यानर, ब्रोसर र पोस्टरहरुमा प्रायोजकको नाम र लोगो प्रष्टसंग राख्नु पर्ने छ ।

८. द्वितिय पक्षले प्रथम पक्षका लागी तयार भएको गरिदिएको कुनै पनि ढांचा वा डिजाईनको प्रायोजन सामग्री वा सहुलियत दरमा उपलब्ध गराएको सामग्रीहरुका दुरुस्त ढांचा वा डिजाईन प्रथम पक्षको अनुमती वा स्वीकृती बेगर कसैलाई वा कुनै पनि निकायलाई उपलब्ध गराउन पाउने छैन ।

९. सम्झौता अनुसार खेलमा प्रयोग हुने सामाग्री होस या ड्रेस सबै केल्मी ब्राण्डको प्रयोग हुनेछ तर केही कथम कदाचित केल्मीमा चाहिएको सामान नभएको खण्डमा मात्र दुई पक्ष वीच आपसी समझदारी पछि अर्को ब्राण्ड खरिद गरिने छ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| गैरआवासीय नेपाली संघको खेलकुद प्रतिष्ठानको तर्फबाट | प्रयोजक : कमारु ट्रेडिङ्ग प्रा.लि.को तर्फबाट |
| रबिना थापा,<br>उपाध्यक्ष तथा सभापति, महिला तथा युवा विभाग<br>गैरआवासीय नेपाली संघ । | प्रदीप न्यौपाने,<br>प्रबन्धक निर्देशक<br>कमारु ट्रेडिङ्ग प्रा.लि । |

इति सम्वत् २०७७ साल चैत्र महिना १२ गते रोज ५ शुभम्.....................।